लहान नगरपालिका
लहान,सिरहा
मधेश प्रदेश,नेपाल

प्रमाणीकरण मितिः२०८१/०३/११

शिक्षक तथा कर्मचारी नियूक्ति संम्वन्धी कार्यविधि, २०८१

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (ज) तथा लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित)मा उल्लेख भएको व्यवस्था कार्यान्वयनका लागि लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(संसोधन सहित)को दफा ५४(१) को अधिकार प्रयोग गरि सामुदायिक विद्यालयहरुमा रिक्त रहेको प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत, शिक्षण सहयोग अनुदान,स्वयम् सेवक शिक्षक तथा कर्मचारी,माध्यमिक तह कक्षा ११/१२ दरवन्दी/अनुदान कोटा,विशेष कक्षामा कार्यरत शिक्षक र विद्यालय कर्मचारी नियुक्ति प्रकृयालाई व्यवस्थित गर्नका लागि लहान नगरपालिका शिक्षक तथा कर्मचारी नियूक्ति सम्बन्धी कार्यविधि,२०८१ तयार गरी जारी गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि,२०८१ रहेको छ ।

(२) यो कार्यविधि नगर राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"ऐन" भन्नाले लहान नगरपालिकाबाट जारी भएको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ सम्झनु पर्छ ।

(ख)"मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ग)"शिक्षा तथा मानव स्रोत विकास केन्द्र" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको निकाय सम्झनु पर्छ ।

(घ)"नगरपालिका" भन्नाले लहान नगरपालिका सम्झनु पर्छ ।

(ङ)"शिक्षा शाखा प्रमुख"भन्नाले लहान नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्छ ।

(च)"आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालकक्षा देखि आठ कक्षासम्म संचालित विद्यालयलाई सम्झनु पर्छ ।

(छ)"माध्यमिक विद्यालय" भन्नाले प्रारम्भिक बालकक्षा देखि बाह्र कक्षा सम्म संचालित विद्यालय संरचना लाई सम्झनु पर्छ ।

(ज)"विशेषज्ञ" भन्नाले आधारभूत तह बालकक्षा देखि कक्षा आठसम्म र माध्यमिक तह कक्षा नौ देखि बाह्र कक्षा सम्म रिक्त पदमा करार शिक्षक नियुक्तिका लागि आधारभूत तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातक र माध्यमिक तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको नगरपालिकाको शिक्षा समितिले तोकेको सामुदायिक विद्यालयका स्थायी शिक्षक सम्झनुपर्छ।

(झ)"परीक्षा केन्द्र" भन्नाले लहान नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखाले वा सम्बन्धित विद्यालयले तोकेको परीक्षा केन्द्र सम्झनु पर्छ ।

Scanned with OKEN Scanner

(ञ)"शिक्षक तथा कर्मचारी छनौट समिति" भन्नाले दफा ४ (१) र दफा १०(१) मा व्यवस्था भए अनुसार समितिलाई सम्झनु पर्छ ।

(ट)"शिक्षा शाखा" भन्नाले लहान नगरपालिकाको शिक्षा शाखालाई सम्झनु पर्छ ।

(ठ)"अनुमति" भन्नाले लहान नगरपालिकाबाट विद्यालयलाई प्रारम्भिक बालविकास, सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत अनुदान, शिक्षण सिकाई अनुदान, स्वयम् सेवक शिक्षक तथा कर्मचारी, माध्यमिक तह ११/१२ दरबन्दी/अनुदान कोटा, विद्यालय सहयोगी र विद्यालय कर्मचारी नियुक्तिका लागि बिज्ञापन गर्न दिइएको अनुमतिलाई सम्झनु पर्छ ।

ड) "स्रोत व्यक्ति भन्नाले" लहान नगरपालिका शिक्षा शाखामा स्रोत व्यक्तिको रुपमा कार्यरत व्यक्ति वा लहान नगरपालिकाको शिक्षा शाखामा स्रोत व्यक्तिको रुपमा काम गरी कार्य अनुभव भएको व्यक्तिलाई सम्झनु पर्छ ।

ढ)"विद्यालय व्यवस्थापन समिति" भन्नाले लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५को दफा १२ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ण)"कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झिनु पर्छ ।

त)"कार्यविधि" भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि,२०८१ लाई सम्झनु पर्छ ।

३.शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था:

(१) नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा शिक्षक नियुक्ति गर्नुपर्दा दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागी प्रकाशित भएको सूची मागगर्नु पर्ने छ ।

(२) उपदफा(१)बमोजिम माग गरेको सूची प्राप्त भएपछि नियुक्तिका लागि निवेदन माग गरि सूचीमा रहेका उम्मेदवार मध्ये व्यवस्थापन समितिले शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक सिफारिस भई नआउँदा सम्मको लागि बढीमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागी कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन यस कार्यविधिको दफा ५को प्रकृया अवलम्बन गर्नु पर्ने छ।

४. शिक्षक तथा कर्मचारी छनौट समिति :

(१)सामुदायिक विद्यालयहरुमा रिक्त रहेको प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत, शिक्षण सहयोग अनुदान, माध्यमिक तह ११/१२ दरवन्दी/अनुदान कोटा,विशेष कक्षामा कार्यरत शिक्षक र विद्यालय कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहने छ :

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

ख) नगरपालिका शिक्षा शाखा प्रमुख वा नगरपालिकाले तोकेको शिक्षा शाखाका कर्मचारी वा स्रोत व्यक्ति-सदस्य

ग)माध्यमिक तहको शिक्षक वा माध्यमिक विद्यालयमा कर्मचारी छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र संकायमा कम्तीमा स्नातकोत्तर गरेको र सामुदायिक विद्यालयमा माध्यमिक तहमा कम्तिमा ५ वर्ष स्थायी कार्य गरेको र अन्य तहको शिक्षक वा कर्मचारी वा प्रारम्भिक बालविकास सहजकर्ता वा सामुदायिक सिकाई केन्द्रका सहजकर्ता छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र संकायमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र सामुदायिक विद्यालयमा आधारभूत तहमा कम्तिमा ५ वर्ष स्थायी शिक्षकको रुपमा कार्य गरेको व्यक्तिहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको २ जना विषय विज्ञ-सदस्य

Scanned with OKEN Scanner

घ) प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा १ को खण्ड (ग) बमोजिमका बिज्ञहरु मनोनयन गर्दा सम्बन्धित विद्यालयको शिक्षकलाई विज्ञको रुपमा मनोनयन गर्न पाइने छैन ।

(३) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय नगरपालिकाले तोकेको स्थान वा सम्बन्धित विद्यालयमा रहनेछ ।

५. शिक्षक तथा कर्मचारी नियुक्ति प्रकृया :

(१) सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत, शिक्षण सहयोग अनुदान, माध्यमिक कक्षा ११/१२ दरवन्दी/अनुदान कोटा, विशेष कक्षामा कार्यरत शिक्षक र विद्यालय कर्मचारी पद रिक्त रहेमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शिक्षा शाखामा विज्ञापनका लागि अनुमती माग गर्नु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम अनुमती प्राप्त भएपछि सामुदायिक विद्यालयहरुमा रिक्त रहेको प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत, शिक्षण सहयोग अनुदान,माध्यमिक तह कक्षा ११/१२ दरवन्दी/अनुदान कोटा, विशेष कक्षामा कार्यरत शिक्षक र विद्यालय कर्मचारी पदमा नियुक्ति प्रकृया अगाडि बढाउनका लागि कम्तीमा पन्ध्र दिनको सार्वजानिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुको साथै नगरपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो विज्ञापनको सूचना टाँस्नु पर्नेछ। त्यस्तो सूचना स्थानीय पत्रपत्रिका वा वेवसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(३)उपदफा (२) बमोजिम रिक्त पदमा आवेदनका लागि प्रकाशित सूचना बमोजिमको रिक्त पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले निवेदन सहित आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र तथा विज्ञापनको प्रकृति अनुसारका अध्यापन अनुमती पत्र लगाएतका विज्ञापनमा तोकिए बमोजिमका कागजात अन्य सूचनामा तोकिएको समयभित्र तोकिएको ठाउँमा पेश गर्नु पर्ने छ ।

(४) उपदफा(३) बमोजिम प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षा शाखामा उपलब्ध गराउनु पर्ने र शाखाले आफु समक्ष पेश भएका विवरणहरु रुजु गर्नु पर्ने छ ।

६.परिक्षा केन्द्र तोक्नु पर्ने:

(१) परीक्षा केन्द्र नगरपालिका वा सम्बन्धित विद्यालयले तोकेको स्थानमा हुनेछ। परीक्षा संचालन, प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्य शिक्षक तथा कर्मचारी छनौट समितीको निर्णय अनुसार हुनेछ ।

७.सूचित गराउनु पर्ने:

(१) दफा ५ को उपदफा (४)बमोजिम विवरणहरु रुजू गरि सके पछि कम्तीमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति,समय र स्थान तय गरी सम्बन्धित उम्मेदवारलाई सूचित गर्नु पर्ने छ ।

८.अभिलेखीकरण गर्नुपर्ने:

(१) यस कार्यविधिको दफा ३ उपदफा (२)बमोजिम नियुक्ति र शिक्षक तथा कर्मचारी छनौट समितीले छनोट गरि सिफारिस गरेको सफल उम्मेदवारलाई विद्यालयले नियुक्ति दिई विद्यालय व्यवस्थापन समितिलले हाजिर गराएको जानकारी अभिलेखीकरणको लागि शिक्षा शाखालाई व्यक्तिगत फायल खडा गरि पेश गर्नु पर्ने छ ।

Scanned with OKEN Scanner

९.म्याद थप सम्बन्धी थप ब्यवस्थाः

स्थायी दरबन्दीको रिक्त पदमा शिक्षक सेवा आयोगबाट स्थायी पद पुर्ति नभए सम्मको लागि अस्थायी करारमा कार्यरत शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको निर्णयमा नगर शिक्षा समितिबाट अनुमोदन गराई विद्यालय व्यवस्थापन समितिले एक पटकमा ६ महिना नवढाई म्याद थप गर्न सक्ने छ।उक्त म्याद थपेका अभिलेखीकरणका लागि शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।म्याद थप गर्नको लागि विद्यालय व्यवस्थापन समितिले सूचना प्रकाशन गरी सबै प्रकारका प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत, शिक्षण सहयोग अनुदान, माध्यमिक तह ११/१२ दरवन्दी/अनुदान कोटा,विशेष कक्षामा कार्यरत शिक्षक र विद्यालय कर्मचारीबाट निवेदन लिनुपर्नेछ ।अन्तिम दरखास्त अवधि सकिए पछि आएका निवेदन उपर कुनै प्रकारका कारवाही गरिने छैन र त्यस्ता शिक्षक तथा कर्मचारीहरुको करार सेवा अवधी स्वतः समाप्त भएको हुनेछ ।

१०.नगरपालिकको स्रोत बाट पारिश्रमिक पाउने स्वयमसेवक शिक्षक, कर्मचारीमा नियुक्ति सम्बन्धी व्यवस्थाः

(१)नगरपालिकाद्धारा सृजना गरिएको स्वयम् सेवक शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता,सामुदायिक सिकाई केन्द्रका सहजकर्ता जस्ता पदमा नियुक्तीका लागि सिफरिस गर्न नगरपालिकमा देहाएको शिक्षक तथा कर्मचारी छनौट समति रहनेछ ।

क) नगर शिक्षा समितिले मनोनित गरेको व्यक्ति- अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासकीय अधिकृत- सदस्य

ग) नगर शिक्षा समितिले तोकेको विशेषज्ञ दुईजना- सदस्य

घ) शिक्षा शाखा प्रमुख वा शिक्षा शाखाका कर्मचारी वा स्रोत व्यक्तिको रुपमा कार्य अनुभव भएको व्यक्ति-सदस्य सचिव

११. विज्ञापन प्रकाशन तथा दरखास्त संकलन सम्बन्धि प्रक्रियाः

(१)दफा १०को (१)बमोजिमको शिक्षक तथा कर्मचारी छनोट गर्दा देहायबमोजिम विज्ञापन प्रकाशन तथा दरखास्त संकलन गर्नुपर्ने छ।

क) नगरपालिकाबाट बार्षिकरुपमा स्वीकृत बजेटको परिधिमा रहि शुन्य दरबन्दी रहेका वा सबै भन्दा कम दरबन्दी रहेका विद्यालयहरु एकिन गरि विद्यार्थी संख्यलाई समेत आधार मानी शिक्षा शाखाले तयार गरेको विवरण नगर शिक्षा समितिबाट बजेटको परिधिमा रहि विद्यालयगत, विषयगत, विद्यार्थी संख्याको आधारमा कोटा र पारिश्रमिक दर निर्धारण हुनुपर्नेछ ।

ख) शिक्षा शाखाले नगर शिक्षा समितिबाट निर्धारण गरिएको कोटा र विषयको अधिनमा रही नगर शिक्षा समितिको निर्णय अनुसार कम्तिमा १५ दिने सुचना /विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

ग) तोकिएको म्याद भित्र पेश हुन आएका दरखास्तहरु शिक्षा शाखामा संकलन गरि कागजात रुजु गरि प्रवेशपत्र उपलब्ध गराउनु पर्नेछ ।

घ) कार्यरत तथा अन्य प्राप्त दरखास्तहरुको कुनै विवरण फरक परी पेश गरेको सम्बन्धमा छानविन गर्न कोही कसैको कुनै दावी विरोध भएमा लिखित परिक्षा संचालन पुर्व नै लिखित जानकारी दिनु पर्ने छ ।

ङ) प्रकाशित सूचनाको सम्बन्धमा कुनै विवरणमा त्रुटी भएमा छनौट समितिले आवश्यक छानबिन गरि उम्मेदारहरुको अन्तिम नामावली स्वीकृत गर्नेछ।उम्मेद्धारहरुको योग्यता तथा अयोग्यताको सम्बन्धमा प्रचलित कानुनको अधिनमा रहि छनौट समितिले गरेको निर्णय लिनुपर्ने छ ।

१२. परिक्षा संचालन सम्बन्धी प्रक्रियाः

(१)दफा११को (१)बमोजिमको शिक्षक तथा कर्मचारी छनोट गर्दा देहायबमोजिम परिक्षा संचालन गर्नुपर्ने छ।

Scanned with OKEN Scanner

क) नगर शिक्षा समितिले तोकेको केन्द्र, मिति र समयमा परिक्षा संचालन हुनेछ ।
ख) परिक्षा संचालनको क्रममा आबश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था नगर शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

१३. प्रश्नपत्र निर्माण सम्बन्धी प्रक्रिया:(१)यस कार्यविधिको दफा ४(१)र दफा १०(१)बमोजिम हुने परिक्षामा प्रश्नपत्र निर्माण देहायबमोजिम हुने छः
क)प्रश्न निर्माणको जिम्मा विषय विज्ञलाई दिईने छ।विषय विज्ञले उक्त प्रश्नको विश्वसनीयता, वैधता, वस्तुनिष्ठता र गोपनीयताको पूर्णरुपमा जिम्मेवार हुनु पर्ने छ।
ख) विषय विज्ञले वस्तुगत तथा विषयगत प्रश्नपत्र निर्माण गर्नु पर्ने छ।परिक्षा संचालन हुनुभन्दा आधा घण्टा अघि मात्र प्रश्नपत्रहरु सम्बन्धित केन्द्राध्यक्षलाई जिम्मा लगाउनु पर्ने हुन्छ ।
ग) शिक्षक सेवा आयोगको तोकेको पाठ्यक्रम अनुसार वस्तुगत तथा विषयगत प्रश्नपत्र निर्माण गर्नु पर्ने छ।
घ) विषयगत र वस्तुगत प्रश्नपत्र मोडरेसन, टाईप, फाटोकपी, छपाई तथा प्याकिङ्ग कार्यमा संलग्न हुने कर्मचारीहरुले प्रश्नपत्रको गोपनीयता कायम राख्नु पर्ने छ ।

१४. बस्तुगत परिक्षाको उत्तरपुस्तिका परिक्षण सम्बन्धमा:
(१)यस कार्यविधिको दफा ४(१)र दफा १०(१)बमोजिम हुने परिक्षामा बस्तुगत प्रश्नको उत्तर परिक्षा समितिका पदाधिकारीहरुको सामुहिक सहभागितामा परीक्षण गरि नतिजा प्रकाशन गर्नुपर्छ ।
(२) उपदफा (१)बमोजमको नतिजामा सफल भएका उम्मेदावरलाई मात्र विषयगत परिक्षामा सहभागि गराउनु पर्ने छ।

१५.विषयगत उत्तर पुस्तिका परिक्षण सम्बन्धमा:
(१)यस कार्यविधिको दफा ४(१)र दफा १०(१)बमोजिम हुने परीक्षामा प्रश्नपत्र निर्माण देहायबमोजिम हुने छः
क) विषयगत परिक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि कोडिङ्ग गर्नुपर्ने छ ।
ख) उपदफा(१)को खण्ड (क) बमोजिम कोडिङ्ग भएका उत्तरपुस्तिका परिक्षण गराईनेछ ।
ग) कोड कायम सम्बन्धी विषय विज्ञलाई जानकारी दिन पाईने छैन ।
घ) विषयगत उत्तर पुस्तिका परिक्षण गरेपछि प्राप्त प्रप्ताङ्कका आधारमा नतिजा प्रकाशन गर्नु पर्छ।
(२)उपदफा (१)को खण्ड (घ) बमोजिम सफल उम्मेरदवार लाई मात्र अन्तरवार्तामा सहभागि गराउनु पर्ने छ।

१६. अन्तरवार्ता सम्बन्धि व्यवस्था:
(१) वस्तुगत तथा विषयगत परिक्षामा सफल हुने उम्मेदावरलाईमात्र अन्तरवार्तामा सहभागि गराउनु पर्दछ ।
(२)अन्तरवार्ता वापत पाउने अंकभार शिक्षक सेवा आयो नियमावली, २०५७ अनुसार कायम गरिनेछ ।
(३) अन्तरवार्ता छनौट समितिले तोकेको मिति र स्थानमा हुनेछ ।

१७.नतिजा प्रकाशन सम्बन्धमा:
(१) लिखित र मौखिक परिक्षावाट उच्चतम अंक सहित उत्तीर्ण हुने उम्मेदारहरुको नामावली सहित शिक्षक तथा कर्मचारि छनौट समितिले नतिजा प्रकाशन गर्नु पर्नेछ ।
(२)उपदफा(१)बमोजिम नतिजा प्रकाशन गर्दा वैकल्पिक उम्मेदवारको समेत नामवली प्रकाशन गर्नु पर्ने छ।

Scanned with OKEN Scanner

१८. सिफारिस र नियुक्ति सम्बन्धमाः

(१) प्रारम्भिक बालविकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको अस्थायी करार, राहत, शिक्षण सहयोग अनुदान, माध्यमिक तह ११/१२ दरवन्दी/अनुदान कोटा,विशेष कक्षामा कार्यरत शिक्षक र विद्यालय कर्मचारीहरुको दफा १७ को उपदफा(१) बमोजिम नतिजा प्रकाशन भए पछि सफल उम्मेरदवारलाई शिक्षक तथा कर्मचारी छनोट समितिले सिफारिस गर्ने र सिफारिस भै आएको उम्मेरदावरलाई विद्यालयले नियुक्ति दिई विद्यालय व्यवस्थापन समितिले हाजिरि गराउनु पर्ने छ।

(२) उपदफा(१) मा वाहेकका नगरपालिकाको स्रोतवाट पारिश्रमिक पाउने पदमा लिखित तथा मौखिक परीक्षावाट उत्तीर्ण भै शिक्षक तथा कर्मचारी छनोट समितिले सिफारिस गरिएका स्वयंम् सेवक शिक्षक, कर्मचारी तथा वालविकास सहजकर्ताहरुको नियुक्ति विद्यालय, पद, तह, श्रेणी, विषय, अवधी, पारिश्रमिक लागयत अन्य शर्तहरु समेत तोकी शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले गर्नेछ ।

१९. बैकल्पिक उम्मेदार नियुक्ति सम्बन्धमाः

(१)सिफारिस भएका उम्मेदवारले सूचनामा प्रकाशित अवधि भित्र नियुक्ती नवुझेमा वा नियुक्ती वुझेको ७ दिन भित्र विद्यालयमा हाजिर नभएमा नगर शिक्षा समितिको निर्णय अनुसार वैकल्पीक उम्मेदवारलाई नियुक्ति गर्न सक्ने छ।

२०.परीक्षामा संलग्नहरुको सेवा सुविधा सम्बन्धमाः

(१) परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यमा संलग्न पदाधिकारहरुले तथा कर्मचारीहरुलाई पारिश्रमिक दिन सकिने छ।

(२) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ। वैठकमा आवश्कता अनुसार पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने छ। आमन्त्रित पदाधिकारीहरु समितिका पदाधिकारीसरहको भत्ता दिन सकिने छ।

२१.विविधः

(१)परिक्षा संचालनको क्रममा आवश्यक पर्ने मसलन्द सामाग्री, उत्तरपुस्तिका छपाई लगाएतको वन्दोवस्त शिक्षा शाखा मार्फत गरिनेछ ।

(२)परिक्षा संचालन, उत्तरपुस्तिका छपाई, उत्तरपुस्तिका परिक्षण लगायत माथि उल्लेखित विभिन्न शीर्षकमा भएको खर्च, परिक्षा दस्तुर वापत उठेको रकम वा नगरपालिका वाट विनियोजित रकमबाट व्यहोरिने छ। परिक्षा दस्तुरबाट खर्च नपुग भएमा बाँकी खर्च विद्यालयले संचालन गरेको परीक्षा भएमा सम्बन्धित विद्यालयले र नगरपालिकाले संचालन गरेको परीक्षा भएमा नगरपालिकाले शिक्षामा विनियोजित वजेटबाट सो खर्च व्यहोर्नु पर्नेछ ।

२२.कार्यविधि लागू नहुनेः-

कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित कानुन सँग वाझिएको खण्डमा वाझिएको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

२३.कार्यविधि संशोधन हुनेः

प्रचलित कानुनमा भएको संशोधन तथा नगरपालिकाले आवश्यक ठानेमा कानुन विपरीत नहुने गरी कार्यविधि संशोधन गर्न सक्ने ।

Scanned with OKEN Scanner